आज मिति २०८३ साल असार ६ गते शनिबारको दिनमा बिहान ११:०० बजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितीमा बसेको सिलिचोङ गाउँपालिकाको आ.व. ०८२/८३ को २० औं कार्यपालिका बैठकबाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसहमतिले निर्णय पारित गरियो ।

<u>उपस्थिती:</u>

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भूपालराज राई | अध्यक्ष | |
| २ | देविता राई | उपाध्यक्ष | |
| ३ | गणेश राई | वडाध्यक्ष | |
| ४ | मोहन समसेर राई | वडाध्यक्ष | |
| ५ | प्रतापसिंह तामाङ | वडाध्यक्ष | |
| ६ | देवेन्द्र राई | वडाध्यक्ष | |
| ७ | ईश्वर राई | वडाध्यक्ष | |
| ८ | सन्तोष राई | कार्यपालिका सदस्य | |
| ९ | सागर राई | कार्यपालिका सदस्य | |
| १० | रेबिका रसाइली | कार्यपालिका सदस्य | |
| ११ | शारदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १२ | लक्ष्मी वि.क. | कार्यपालिका सदस्य | |
| १३ | मनकुमारी राई | कार्यपालिका सदस्य | |
| १४ | प्रविण राई | प्रमुख प्रशासकिय अधिकृत | |
| आमन्त्रित | | | |
| ०१ | भद्र बहादुर राई | अध्यक्ष [illegible] | |
| ०२ | दिपक खड्का | लेखापाल | |
| ०३ | भावना पराजुली | सहायक पाँचौं, प्रशासन | |
| ०४ | रमेश राई | MIS operator | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

२०८३/०३/०६

प्रस्तावहरु:

१. समिक्षा सम्बन्धमा।

२. दिर्घकालिन शैक्षिक योजना अनुमोदन सम्बन्धमा।

३. स्थानीय पाठ्यक्रम योजना अनुमोदन सम्बन्धमा ।

४. राजश्व सुधार योजना अनुमोदन सम्बन्धमा ।

५. जग्गाको न्यूनतम् मूल्याङ्कन सम्बन्धमा ।

६. कर्मचारी अवकाश कल्याण कोषको रकमको लागि खाता खोल्ने सम्वन्धमा ।

७. आ.व.२०८३/८४ को बजेट वक्तव्य स्वीकृत गरी सभामा पेश गर्ने सम्बन्धमा ।

८. आर्थिक विधेयक,२०८३ स्वीकृत गरी सभामा पेश गर्ने सम्बन्धमा ।

९. विनियोजन विधेयक,२०८३ स्वीकृत गरी सभामा पेश गर्ने सम्वन्धमा ।

निर्णयः

१. समिक्षा सम्बन्धमा।

निर्णय नं. १ प्रस्ताव नं.१उपर छलफल गर्दा अघिल्लो कार्यपालिका बैठकको निर्णय सन्तोषजनक रहेको निर्णय सर्वसहमतिले पारित गरियो ।

२.दिर्घकालिन शैक्षिक योजना अनुमोदन सम्बन्धमा।

निर्णय नं. २ प्रस्ताव नं. २उपर छलफल गर्दा काठमाण्डौं महानगरपालिका वडा नं. २६ स्थायी ठेगाना भएका विज्ञ श्री शुकदेव नेपालको सहयोगमा शैक्षिक योजना निर्माण कार्यदलले तयार र अन्तिम रुप दिएको सिलीचोङ गाउँपालिका दिर्घकालिन शैक्षिक योजना( २०८३/८४-२०८७/८८ ) लाई अनुमोदन गर्ने निर्णय सर्वसहमतिले पारित गरियो।

३. स्थानीय पाठ्यक्रम योजना अनुमोदन सम्बन्धमा।

निर्णय नं. ३ प्रस्ताव नं. ३ उपर छलफल गर्दा सिलीचोङ गाउँपालिका स्थानीय पाठ्यक्रम निर्माण कार्यदलले तयार पारेको स्थानीय पाठयक्रम योजना हाम्रो सिलीचोङ (स्थानीय पाठ्यक्रम, कक्षा १-३), हाम्रो सिलीचोङ(स्थानीय पाठ्यक्रम, कक्षा ४-५), हाम्रो सिलीचोङ (स्थानीय पाठ्यक्रम, कक्षा ६-८) सर्वसहमतिले अनुमोदन गरी लागु गराउने निर्णय गरियो ।

४. राजश्व सुधार योजना अनुमोदन सम्बन्धमा ।

निर्णय नं. ४ प्रस्ताव नं. ४ उपर छलफल गर्दा पब्लिक रिसर्च सेन्टर प्रा.ली. धनकुटाको सहयोगमा तयार भएको सिलीचोङ गाउँपालिकाको राजश्व सुधार योजना, २०८३ लाई अनुमोदन गर्ने निर्णय सर्वसहमतिले पारित गरियो।

५. जग्गाको न्यूनतम् मूल्याङ्कन सम्बन्धमा ।

२०८३/०३/०६

निर्णय नं. ५ प्रस्ताव नं. ५ उपर छलफल गर्दा भूमि प्रशासन कार्यालय खाँदबारीको च.नं. १२०० मिति २०८३/०३/०३ को प्राप्त पत्रानुसार आ.व. २०८२/८३ को न्यूनतम् मूल्याङ्कन यथावत गरी पत्राचार गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**६. कर्मचारी अवकाश कल्याण कोषको रकमको लागि खाता खोल्ने सम्बन्धमा ।**

निर्णय नं. ६ प्रस्ताव नं. ६ उपर छलफल गर्दा विनियोजन ऐन, २०८२ द्वारा कर्मचारी अवकाश कल्याण कोष शिर्षकमा विनियोजित रु. ५,००,०००/- एभरेष्ट बैक लि. ताम्कु शाखामा बैंकसँगको समन्वयमा खाता खोलेर जम्मा गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**७. आ.व. २०८३/८४ को बजेट वक्तव्य स्वीकृत गरी सभामा पेश गर्ने सम्बन्धमा ।**

निर्णय नं. ७ प्रस्ताव नं. ७ उपर छलफल गर्दा आ.व. २०८३/८४ को बजेट वक्तव्य स्वीकृत गरी गाउँसभाको १९ औं अधिवेशनमा पेश गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**८. आर्थिक विधेयक, २०८३ स्वीकृत गरी सभामा पेश गर्ने सम्बन्धमा ।**

निर्णय नं. ८ प्रस्ताव नं. ८ उपर छलफल गर्दा स्थानीय राजश्व परामर्श समितिबाट निर्णय भई आएको आर्थिक विधेयक, २०८३ को मस्यौदालाई स्वीकृत गरी गाउँसभाको १९ औं अधिवेशनमा पेश गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**९.विनियोजन विधेयक,२०८३ स्वीकृत गरी सभामा पेश गर्ने सम्बन्धमा ।**

निर्णय नं. ९ प्रस्ताव नं. ९ उपर छलफल गर्दा आ.व. २०८३/८४ को विनियोजन विधेयक,२०८३ स्वीकृत गरी गाउँसभाको १९ औं अधिवेशनमा पेश गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

२०८३/०३/०६